आँधी- हुरी, बतासहरूमा ४ पत्नीव्रत पुरुष ५ रोनाल्डोमाथि बलात्कारको आरोप... ६

CLASS XI ADMISSION
Arts/Science/Commerce
CBSE Affiliated School
COMBINED COURSES FOR
Regular School/NEET-JEE/NDA,CDS
Coaching for Admission in College & University
SIKKIM SUPER 30-9832539409
Press Club, Building, Opp.Janta Bhawan Gangtok
Only 30 Students in Class

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति




वर्ष - १८, अंक - ४३ ■ वि.सं. २०७४, बैशाख ३ गते ■ गान्तोक, आइतवार १६ अप्रेल, २०१७ www.hamroprajashakti.com ■ APRIL 16, 2017, SUNDAY, GANGTOK ■ मूल्य ₹ ५/-

### प्रतिपक्षीलाई पछार्दै डीआर थापा विजयी

## घोषणाहरूमाथि अब शीघ्र काम हुनेछ : थापा



**गान्तोक, १५ अप्रेल।** अप्पर बुर्तुक उप चुनाउमा सत्तासीन एसडीएफ पार्टीका उम्मेदवार डीआर थापाको ऐतिहासिक विजय भएको छ। थापाले यस उप चुनाउमा लगभग ९० प्रतिशत मत प्राप्त गरेका छन्। गत १२ अप्रेल मतदानको दिन अप्पर बुर्तुकका कूल ९,४२८ मतदाताले आफ्नो मताधिकारको प्रयोग गरेका थिए जसमध्ये थापालाई ८,४०६ मत प्राप्त भएको छ। यसरी नै स्वतन्त्र उम्मेदवार शेखर छेत्रीले १६८, स्वतन्त्र उम्मेदवार नवीन किरण प्रधानले १४८, स्वतन्त्र उम्मेदवार शान्ति कुमार बस्नेतले १०६, कंग्रेस उम्मेदवार श्रीमती सुमित्र राईले ९८ र स्वतन्त्र उम्मेदवार वाङटाशी भोटियाले २७ भोट प्राप्त गरेका छन्। यसरी नै नोटमा १०० मत खसेको छ। यस उप चुनाउमा कूल १६ वटा पोस्टल ब्यालट पेपर प्राप्त भएको जसमध्ये एउटा रद्द भयो। शनिबार पूर्व जिल्लाको जिल्ला प्रशासनिक केन्द्रमा मतगणना सम्पन्न भएपछि डीआर थापालाई बधाई दिने मानिसहरूको भीड़ लागेको थियो। यसका साथै अब सत्तारूढ़ एसडीएफ पार्टीका विधायकहरूको संख्या बढेर २९ पुगेको छ। मतगणना केन्द्रदेखि थापालगायत उनका समर्थकहरू मिन्तोकगाङमा गएर मुख्यमन्त्री पवन चामलिङलाई भेटे। मुख्यमन्त्री चामलिङले डीआर थापालाई बधाई दिंदै जनताको निर्णय अन्तिम निर्णय रहेको बताउँदै अप्पर बुर्तुकका जनताले एसडीएफलाई चुनेको बताए। चुनाउमा गरिएका घोषणाहरूलाई पूरा गर्न काम गर्ने बताए। यसरी नै क्षेत्रका जनताले राखेका मागहरू पनि चाँडै पुरा गर्ने पनि आश्वासन दिए। सबै भन्दा पहिलो प्राथमिकता सड़क मार्गको निर्माण रहने बताए। एक प्रश्नको जवाफमा मुख्यमन्त्रीले आगामी पञ्चायत चुनाउमा एसडीएफ पार्टीले सबै पञ्चायत आसनहरूमा आफ्नो उम्मेदवार उठाउने बताए। यता, विजयी उम्मेदवार थापाले पत्रकारहरूसित कुराकानी गर्दै यस जीतको श्रेय एसडीएफ पार्टीका अध्यक्ष पवन चामलिङ र पार्टी कार्यकर्ताहरूलाई दिए। अप्पर बुर्तुक समष्टिका जनताले उनलाई भोट दिएर विजय बनाएको बधाई एवं धन्यवाद दिए। अब चाँडै क्षेत्रको विकासको निम्ति काम शुरू गर्ने बताए। यसका साथै उनले अन्य छह जना उम्मेदवारलाई पनि धन्यवाद दिए र उनीहरूका सहभागिता नभएको भए यो उप चुनाउ प्रतिस्पर्द्धात्मक नहुने मन्तव्य गरे।

यसरी नै भारतीय जनता पार्टीका उम्मेदवार सुरेश खनाल शर्माले मत परिणामप्रति सन्तोष व्यक्त गर्दै उनलाई भोट गर्ने जनताकप्रति आभार प्रकट गरे। उनले विजयी उम्मेदवारलाई धन्यवाद दिंदै आफू दोस्रो स्थानमा आउन सफल भएकोमा सन्तोष व्यक्त गरे।

### यो जनताको जीत हो: एसडीएफ

**गान्तोक, १५ अप्रेल।** अप्पर बुर्तुक समष्टिको उप चुनाउ प्रचार प्रसार समितिका अध्यक्ष मोहन दुंगमालीले अप्पर बुर्तुक निर्वाचन क्षेत्रका सम्पूर्ण जनताप्रति हार्दिक प्रकट गर्दै एसडीएफ पार्टी अध्यक्ष पवन चामलिंगप्रति आभार एवं कृतज्ञता प्रकट गरेका छन्। दुंगमालीले आज एउटा प्रेस बयान जारी गरी भनेका छन्, 'एसडीएफ पार्टीको उम्मेदवार डीआर थापाले जनताको अपार मायाको साथमा भारी जनमतद्वारा विजय भएको छ। प्रजातन्त्रमा जनताको फसेला नै अन्तिम फसेला मान्दछ। अप्पर बुर्तुक उप चुनाउको जीत भनेको जनताको जीत हो। जनताले पार्टीको नीति, सिद्धान्त र कार्यक्रमहरूलाई बुझेर एसडीएफ पार्टीलाई विजय गराएको हो। यो जीत एसडीएफ पार्टीको प्रजातान्त्रिक मानवतावाद सिद्धान्ताको जीत एसडीएफ पार्टी मान्दछ। यस ऐतिहासिक विजयमा सबैभन्दा ठूलो योगदान भनेको जनताले आ-आफ्नो मौलिक र संवैधानिक अधिकारलाई सदुपयोग गरेर उपचुनाउमा सहभागिता जनाएको जनताकै महान जीत एसडीएफ ठहर गर्दछ। यस उपचुनाउमा विपक्षीको लज्जास्पद हारले यो स्पष्ट गरेको छ कि विपक्षीहरूको राजनीति शून्यमा परिणत भएको छ भने उनीहरूको जमानत जफ्त भएको यस उपचुनाउले प्रमाणित गरिदिएको छ'-प्रेस बयानमा भनिएको छ।

### जापले पहाडका चारैवटा नगरपालिकामा चुनाउ लड्ने

## गोजमुमोले चुनाउ जित्ने सपना नदेखेको राम्रो : डा. छेत्री



**-डीके वाइबा**

**कालेबुङ १५ अप्रेल।** आगामी नगरपालिका चुनाउका निम्ति जनताले आ-आफ्ना वार्डबाट योग्य उम्मेद्वारा चयन गर्ने जन आन्दोलन पार्टीले सुझाव राखेपछि अहिलेघरि वार्डका जनताले आ-आफ्ना योग्य प्रार्थी छनौट गर्ने कार्य गरिरहेका छन्। नौलो परम्पराको थालनी गर्ने जन आन्दोलन पार्टीले नगरपालिका चुनाउमा जनतालाई पार्टीले उम्मेद्वार थोप्नको साटो आफै चयन गर्ने अधिकार दिएपछि जनताले आफ्ना वार्डका प्रतिनिघधि आफै चयन गरिरहेका छन्। यसक्रममा आज ९ नम्बर वार्डका जनताले नगरपालिका चुनाउका निम्ति सुवास प्रधानलाई प्रार्थीका रूपमा चयन गरेर जन आन्दोलन पार्टीले उनलाई टिकट दिनुपर्ने माग गरेका छन्। वार्डका जनताले सुवास प्रधानलाई प्रतिनिधिको रूपमा चयन गरेर पार्टी कार्यालयमा पुगेका थिए भने उनीहरूसँग पार्टीका अध्यक्ष डा. हर्कबहादुर छेत्री, सचिव नयन प्रधान लगाय अन्य नेतृत्ववर्गसँग वैठक गरेर जनताले रूचाएका प्रतिनिधिबारे अवगत गराउने कार्य गरेका छन्। यसक्रममा जाप अध्यक्ष डा. हर्कबहादुर छेत्रीले जनताले आफ्ना प्रतिनिधी आफै चयन गर्नु उचित रहेको भन्दै सम्पूर्ण वार्डहरूबाट चयन भएका सम्भावित प्रार्थीहरूबारे केन्द्रिय समितिको बैठक बसेर अन्तिम निर्णय लिएर नामावली घोषणा गरिने जानकारी दिएका छन्। उनले दार्जीलिङ, खरसाङ अनि मिरिक नगरपालिका क्षेत्रका वार्डवासीले पनि आ-आफ्ना वार्डका प्रार्थीहरू आफै चयन गर्नु आवश्यक रहेको भन्दै जनतालाई गणतन्त्रको उपभोग गर्ने आह्वान गरेका छन्। 'हामी जनतालाई प्रार्थी थोप्न चाहँदैनौं, जनताले आ-आफ्ना प्रार्थी आफै चयन गरे राम्रो हुनेछ' डा. छेत्रीले भने।

यता जन आन्दोलन पार्टीले पहाडका चारैवटा नगरपालिकामा आफ्नै बुतामा चुनाउ लड्ने घोषणा गरेको छ। जाप पार्टी कार्यालयमा पत्रकारहरूसँग बोल्दै डा. हर्कबहादुर छेत्रीले नगरपालिका चुनाउमा जन आन्दोलन पार्टीले अन्य राजनैतिक दलहरूसँग कुनै गठबन्धन नगरी चुनाउ लड्ने स्पष्ट पारेका हुन्। वितेको विधानसभा चुनाउमा जन आन्दोलन पार्टी अनि तृणमूल कंग्रेसमाझ गठबन्धन भएको कारण नगरपालिका

▶ रहल पाता ३-मा

### युवा मोर्चाको भत्केको छाता जुलूस

## बंगालले विकासको नाउँमा थोत्रे छाता दिएको छ : लामा




**दार्जीलिङ, १५ अप्रेल।** गोर्खाहरूको समस्याको एउटै समाधान गोर्खाल्याण्ड रहेको बताउँदै गोजयुमो दार्जीलिङ टाउन कमिटीले शनिवार शहरमा विचित्र जुलूस निकाल्यो। रेलवे स्टेशनबाट निकालिएको र्‍यालीमा सामेल मोर्चा समर्थकहरूले भत्किएका छाताहरू ओढ़ेका थिए। बीचमा एउटा ठूलो छाता थियो त्यसमा गोर्खा, पञ्जाबी, बिहारी, मुस्लिम आदि नाउँहरू लेखिएका थिए। युवा मोर्चाको विचित्र र्‍यालीमा नारी मोर्चाप्रमुख सभासद् आशा गुरुङ, सभासद् उर्मिला रूम्बा, मोर्चा टाउन कमिटी सचिव एडविन लामा, युवा मोर्चा टाउन कमिटी नेता एलेन छेत्रीलगायत मोर्चा समर्थकहरूले भाग लिए। र्‍यालीको अघि-अघि एउटा गाड़ीमा जातीय भावनाले ओतप्रोत जातिवादी गीतहरू बजाउँदै र्‍याली लाडेनला रोड, क्लब साइट, एन. पी. रोड हुँदै चोक बजार पुगी पथसभामा परिणत भयो। सभालाई सम्बोधन गर्दै एडविन लामाले र्‍यालीमा मोर्चा समर्थकहरूले भत्किएका छाताहरूलाई देखाउँदै गोर्खाहरूको अवस्था अहिले यस्तै भएको छ भने। यी भत्केका छाताहरूले न घामको पोल्ने प्रकाशलाई नै छेल्नसक्छ न त बर्खायामको पानी नै रोक्न सक्छ, बंगाल सरकारले विकासको नाउँमा यस्तै थोत्रे छाता दिएको छ, लामाले आरोप लगाए। गोर्खाहरूको समस्या यस्तो थोत्रे छाताले समाधान हुँदैन भन्दै तिनले छुट्टै राज्य गोर्खाल्याण्डको गठनले मात्र गोर्खाहरूको समस्याहरूको समाधान हुने बताए। छुट्टै राज्य अरू कसैले ल्याउन नसक्ने, गोजमुमोले मात्र ल्याउन सक्ने दावी सचिव लामाले गरे।

### राष्ट्रिय राजमार्ग, राज्य राजमार्गमा मदिरा पसल अनि लाइसेन्स विषयमा समन्वय सभा

**नाम्ची, १५ अप्रेलः** आबकारी विभागकी सचिव यशोधा भण्डारीको अध्यक्षतामा दक्षिण जिल्लामा मदिरा पसलको लाइसेन्स विषयलाई लिएर एक संयुक्त समन्वय सभा आज सम्पन्न भयो। यो समन्वय सभामा दक्षिणका जिल्लापाल राज यादव अनि दक्षिण जिल्लाका अध्यक्ष सीएल गुरुङ उपस्थित थिए। दक्षिण जिल्लाका अध्यक्षको कार्यालय जिल्ला भवन नाम्चीमा आयोजन गरिएको यस सभामा मदिरा पसलको लाइसेन्सबारे चर्चा गरियो।

सभामा भएको चर्चा परिचर्चा अनुसार सर्वोच्च न्यायालले हालै राष्ट्रिय राजमार्ग नजिक मदिरा पलमा जुन प्रतिबन्ध लगाएको छ, यसैको आधारमा राष्ट्रिय अनि राज्य राजमार्गका कुनै पनि भवनमा मदिरा पसलहरू रहने छैनन्। यद्यपि, राष्ट्रिय अनि राज्य राजमार्गको दोस्रो मार्गको बिल्डिङमा रहेका मदिरा पसलहरूले सर्वोच्च न्यायालयले उल्लेख गरेका नियम र वाञ्छनीयता पूरा गरेर लाइसेन्स प्राप्त गर्न सक्छन्। यसको साथमा अधिकारीवर्गले संयुक्त सभामा यो पनि बताए कि घर मालिक, आबकारी इन्सपेक्टर, नगर परिषद् अनि सम्बन्धित क्षेत्रका पश्चातबाट अनापत्ति पत्र (एनओसी)लिएपछि दक्षिणका उप आयुक्तबाट लाइसेन्स जारी गर्ने विषयको फार्म प्राप्त गर्न सकिन्छ। त्यसपछि यसलाई सम्बन्धित अधिकार क्षेत्रका एसडीएम प्रमुख रहेका महकुमा कमिटीमा पठाइन्छ अनि पछि फेरि यसलाई अन्तिम चरणमा आवश्यक लाइसेन्स जारी गर्नभन्दा अघि जिल्लापाल प्रमुख रहेका जिल्ला कमिटी अनि फेरि आबकारी लाइसेन्स जाँच कमिटी कमक्ष पठाइन्छ। सभामा बताइए

▶ रहल पाता ३-मा

## रेड आरएच-का ६५०० घरहरू कहाँ-कहाँ निर्माण भए?: सरकारलाई गोलेको प्रश्न



**गान्तोक, १५ अप्रेलः** सिक्किमे जनताको स्थिति बुझ्ने उद्देश्यमा सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम)- पार्टी अध्यक्ष पी. एस. गोलेले जन जागरण पदयात्राको आज दोस्रो दिन योक्सम-टाशीडिङ क्षेत्र अन्तर्गत राजाङ, पिउथाङ, टाशीडिङ बजार, लोवर चोङराङ, लबिङ, गेरेथाङ आदि स्थलहरूको भ्रमण गरे। पवित्र टाशीडिङ गुम्पाको दर्शन गरेर उनले आजको यात्रा शुरू गरे। आजको पद यात्रामा विशेष गरी उनलाई राजाङ गाउँमा सड़कको समस्या विगत २२ वर्षदेखि यथावत नै रहेको स्थानीय गाउँलेबाट थाहा लाग्यो। उक्त गाउँमा फुटपाथ पनि आजसम्म नरहेकोमा पार्टी अध्यक्ष गोलेले दु:ख व्यक्त गरे। यसरी नै गत १८ सेप्टेम्बर २०११-को साँझ विनाशकारी भुइँचालोले सिक्किमका धेरैजसो घरहरू क्षतिग्रस्त थियो। ती सम्पूर्ण क्षतिग्रस्त घरहरूलाई पुननिर्माण गर्ने लक्ष्य लिएर सिक्किम सरकारले रेडआरएच अन्तर्गत जम्मा ७,९७२ घरहरू बनाउने लक्ष्य राखेको थियो। गत २०१६-को सेप्टेम्बर महिनामा सरकारले उक्त लक्ष्य मध्ये ६५०० घरहरू सिक्किममा निर्माण गरिसकेको दाबी गरेको छ तर ती घरहरू कहाँ-

▶ रहल पाता ३-मा

## बाबुगिरीको चपेटमा परेर रु.५.५४ करोड़ स्वाहा

**गान्तोक, १५ अप्रेलः** सरकारले गरीबहरुको निम्ति थुप्रै सुविधा प्रदान गर्ने चेष्टा गरे पनि बाबुगिरीको चपेटमा परेर थुप्रै गरीबहरु यस्ता सुविधादेखि बञ्चित हुनुपरेको प्रत्यक्ष प्रमाण क्यागको रिपोर्टमा पाइएको छ। राज्यका गरीब जनताले सुपथमुल्यमा चुकित्सा सुविधा प्राप्त गर्नसकोस् तथा राज्यबाहिर उपचारको निम्ति जानुनपरोस् भन्ने मनशायले सरकारले मंगन,सिङताम र नाम्चीमा एक एकवटा डिजिटल एक्स-रे मेशिनहरु खरिद गर्नको निम्ति धनराशी उपलब्ध गराएको थियो। तर विभागको उदासिनताको कारणले यी एक्स-रे मेशिनहरुको सठिकरुपमा प्रयोग नगरेको कारणले यी मेशिनहरु यतिकै काम नलाग्ने भयो जसले गर्दा रु.५.५४ करोड त्यसै खेर गएको भारतको नियन्त्रक महालेखापरीक्षक (क्याग) को वार्षिक रिपोर्टमा उल्लेख गरिएको छ। पूर्वोत्तर परिष(एनईसी) अन्तर्गत पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय (डोनर) ले मंगन, सिङताम र नाम्चीको रेडियोलजी प्रभागलाई एक एकवटा डिजिटल एक्स-रे मेसिन र नाम्चीको निम्ति एउटा सिटी स्क्यान मेशिन राज्य बाहिर उपचारको भार बेहोर्न नसक्ने गरीबहरुलाई पर्याप्त चिकित्सा सुविधा प्रदान गर्न लगायत गम्भीर घाइतेहरुलाई आपातकालिन नैदानिक सुविधा प्रदान गर्न सुविधा प्रदान गरेको थियो। यसको निम्ति भारत सरकारले नोभेम्बर २०१२ मा रु. २.८० करोड प्रथम किस्ती अनि फरवरी २०१५ मा रु.२.३८ करोड गरेर कुल रु. ५.१८ करोड जारी गर्‍यो। यी सामानहरु आपूर्ती गर्ने ठेका फिलिप्स इलेक्ट्रोनिक्स इण्डियाको अधिकृत बिक्रेता आरएस ट्रेडिङ कम्पनी, गान्तोकलाई प्रदान गरियो। आरएस ट्रेडिङ कम्पनीले यी सामानहरु १६ अप्रेल २०१४ सम्ममा आपूर्ति गर्ने निर्देशको साथ फरवरी २०१४ मा आपूर्ति आदेश जारी गरियो। यस्तै यी सामानहरुलाई आपूर्ति गरिएको ६० दिनभित्रमा विभागीय अधिकारीहरुको उपस्थितीमा सफलतापूर्वक परिचालन प्रदर्शन पनि गरिनुपर्ने थियो। तर क्यागले लेखापरीक्षणको जाँच गर्दा यी

▶ रहल पाता ३-मा

## प्रधानमन्त्री उज्ज्वाला योजना अन्तर्गतको सिलिण्डरमा धेर पैसा असुलेको आरोप

### अधिक पैसा लिए वितरक विरुद्ध कार्वाही गर्ने चेताउनी



**कालेबुङ १५ अप्रेल।** भारत सरकारले प्रधानमन्त्री उज्ज्वला योजना मार्फत आर्थिक विपन्न परिवारका मानिसहरूलाई खाना पकाउने ग्यास सिलिण्डर प्रदान गर्ने कार्य गरे पनि सो योजना अन्तर्गत लाभार्थीहरूले सम्बन्धित ग्यास वितरकहरूबाट निर्धारित मूल्यभन्दा धेर पैसा तिर्न परेको माकपा नेता तारा सौन्दासले आरोप लगाएका छन्। उनले आज एक पत्रकार सम्मेलनको आयोजना गरेर सरकारको योजनामा वितरकहरूले तोकिएको राशिभन्दा धेर पैसा लिएको हुँदा पनि सूचना विभाग भने मौन बसेर जनतालाई सही जानकारी दिने कार्य नगरेको थप आरोप लगाएका छन्। भारत सरकारले सन् २०११ को जनगणना अनुसार सो ग्यास सिलिण्डर लाभार्थीहरूलाई निर्धारित सोह्र सय रूपियाँमा दिने गरेको अनि लाभार्थीले एकैचोटि पैसा तिर्न नसकेको खण्डमा किस्तिमा समेत सिलिण्डर दिनुपर्ने प्रावाधान रहेको सुन्दासले दाबी गरेका छन्। 'सरकारले एकहजार छ सय रूपियाँ सिलिण्डरको मूल्य निर्धारित गरेको छ। कालेबुङको एउटा वितरकबाट उक्त सिलिण्डरको २ हजार २ सय पैसा लिएको लाभार्थीहरूले माकपा पार्टीमा उजुरी गरेका छन्। यसबारे राज्य सरकार अनि केन्द्र सरकारका निकायहरूले के काम गर्दैछन्? गरीब जनतामाथि लुटाइ हुँदा सरकारी अधिकारीवर्ग किन मौन बसेका छन्?' माकपा नेता सुन्दासले प्रश्न गरे। सरकारको योजनालाई सही ठाउँमा प्रयोग हुनका निम्ति सूचना विभागले जनताको हितमा सरकारको योजनाबारे अवगत गराउने कार्य गर्नुपर्ने माग गरेका छन्। सरकारले निर्धारित गरेको मूल्यमा नै उक्त ग्यास सिलिण्डर गरिब मानिसहरूलाई उपलब्ध गराउनका निम्ति प्रशासनले पनि कार्य गर्नुपर्ने आह्वान गर्दै सत्तासिन राजनैतिक दलका नेताहरूले पनि जनताको हितमा काम गर्नुपर्ने बताएका छन्। प्रधानमन्त्री उज्ज्वला योजना मार्फत लाभार्थीवर्गले पाउनुपर्ने सिलिण्डर सही मूल्यमा वितरकहरूले दिनुपर्ने बताउँदै यदि भविष्यमा तोकिएको मूल्यभन्दा धेर पैसा लिएको उजुरी भए माकपा पार्टीले जनताको हितमा सम्बन्धित वितरक विरुद्ध कानुनी कार्वाही गर्ने चेताउनी समेत दिएका छन्।

अर्कोतर्फ, मानिसहरूको आधार कार्ड नभएको खण्डमा ब्याङ्क खाता धारकहरूको खाता बन्द हुने खबर फैलिरहेको बताउँदै यता आधार कार्ड नभएकाहरूको कार्ड बनाउने कार्य भने प्रशासनिक पक्षबाट नभएको सुन्दासले आरोप लगाएका छन्। ब्याङ्क खाताधारकहरूले आफ्नो आधार कार्ड आगामी ३० अप्रेल भित्रमा सम्बन्धित ब्याङ्कमा जम्मा गर्नुपर्ने खबर भए पनि यसबारे जिल्ला प्रशासनले भने कुनै कार्य नगरेको सुन्दासले दाबी गरेका छन्। यता, कालेबुङमा एउटा एजेन्सिले आधार कार्ड खिच्ने

▶ रहल पाता ३-मा

